बोस्दैन मै खाली हात !!

# बेलका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
प्रदेश नं.-१

# कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हन सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित मिति :-२०७५/०६/२५**

यस कार्यालयको आ.व. २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशु पालन क्षेत्र (युवा लक्षित तथा लक्षित वर्ग युवा विशेष कार्यक्रम, गाई/भैसिपालन, बंगुर पालन, बाखा पालन, पशु पंक्षि वजार प्रवर्द्धन- मासु पसल, डेरी पसल स्थापना तथा सञ्चालन आदि ) सम्बन्धि पशुपालन क्षेत्रको व्यवसायिकरण तथा स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुदाँ ईच्छुक १८ देखि ५० वर्ष उमेरका कृषि उद्यमि/अर्ध-वेरोजगार/बेरोजगार युवाहरुबाट दर्खास्त आब्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक उद्यमि, युवा वा फार्महरुले यहि कार्यक्रम अर्न्तगत सरकारी निकायकाट विगत २ आर्थिक वर्षसम्म नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेको भए छनौट प्रकृयामा समावेस हुने छैनन् । यो सूचना दोस्रो पटक प्रकासन भएको मितिले १५ दिन भित्र तोकिएको शुल्क र ढाँचा अनुसारको आवेदन फारममा दरखास्त दिनु पर्नेछ । पुनश्च : आवेदनसाथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

**तपशिल :-**

१, अनुसुचि - २ अनुसारको आवेदन फारम
२. अनुसुचि - ३ अनुसारको संक्षिप्त कार्य योजना
३. नेपालि नागरिताको प्रमाण-पत्रको प्रतिलिपि
४. घाँस खेति गर्ने जग्गा धनि प्रमाण-पूर्जाको प्रतिलिपि वा आफ्नो नाममा जग्गा नभए कम्तीमा ५ वर्ष भोगाधिकारको लागि करारमा लिएको जग्गा धनि प्रमाण-पूर्जाको प्रतिलिपि
५. शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि
६. व्यवसायसंग सम्वन्धि तालिम भए सो को प्रतिलिपि
७. व्यवसाय दर्ता भए दर्ता, नविकरणको प्रतिलिपि
८. परियोजना कार्यान्वयन गर्ने प्रतिवद्धता
९. पर्यावरणीय असरको न्यनिकरण गर्ने उपाय र जैविक सुरक्षा सम्वन्धि विवरण

**आवेदन फार्म तथा विस्तृत जानकारीको लागि बेलका नगरपालिका, पशु सेवा शाखामा सम्पर्क राख्न हुन अनुरोध छ ।**

**सम्पर्कको लागि :- विरन्चि प्रसाद यादव मोवाईल नं. :- ९८१९३४७७८६**

**शरण कुमार चौलागाई मोवाईल नं. :- ९८११७५३६७८**